# त्रिभुवन विश्वविद्यालय
# नेपाल ल क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौं


पत्र संख्याः .............
च.नं.: .................

मिति : २०७५/१२/२८

## एलएल.बी. प्रथम वर्ष २०७५ समूहमा भर्नाका लागि प्रवेश परीक्षा फारम भर्ने सम्बन्धी सूचना ।

त्रिभुवन विश्वविद्यालय, त्रि.वि. कानून संकायको च.नं. ४७३/०७५/०७६ मिति २०७५/१२/२६ गतेको पत्रानुसार शैक्षिक वर्ष २०७५/०७६ को एलएल.बी. प्रथम वर्षमा भर्नाका लागि प्रवेश परीक्षा लिई उर्तिण विद्यार्थीहरुलाई मात्र भर्ना गर्नु भनी पत्राचार भए बमोजिम यस क्याम्पसमा संचालन हुने ३ (तीन) वर्षे एलएल.बी कार्यक्रमको (शैक्षिक वर्ष २०७५/०७६ को प्रथम वर्ष) भर्नाका लागि लिइने प्रवेश परीक्षाका लागि निम्न शर्तहरु सहित यो सूचना प्रकाशित गरिएको छ ।

| | | |
|---|---|---|
| १) | आवेदन फाराम वितरण र दर्ता : | २०७५ साल चैत्र २९ गते शुक्रबार देखि २०७६ साल वैशाख २७ गतेसम्म (विहान ११.०० बजे देखि दिउँसो ३:०० बजे भित्र) |
| २) | फाराम उपलब्ध हुने स्थान : | नेपाल ल क्याम्पस, लेखा शाखाबाट रु. १०५० को भौचर बुझाए पश्चात् प्राप्त गर्न सकिनेछ । |
| ३) | फाराम बुझाउने स्थान : | नेपाल ल क्याम्पसको परीक्षा शाखा |
| ४) | प्रवेश परीक्षा फर्म दस्तुर : | रु.५०।- (अक्षरुपी पचास) मात्र |
| ५) | प्रवेश परीक्षा दस्तुर : | रु. १०००।- (अक्षरुपी एक हजार) मात्र |
| ६) | प्रवेश परीक्षा : | २०७६ साल जेष्ठ ४ गते शनिबार दिउसो ११:०० देखि २:०० बजे सम्म |
| ७) | प्रवेश परीक्षा केन्द्र : | अर्को सूचना मार्फत प्रकाशित गरिनेछ । |
| ८) | प्रवेश परीक्षामा आवेदन गर्न आवश्यक शैक्षिक योग्यता : | त्रि.वि.बाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक उत्तीर्ण भएका विद्यार्थीहरुले मात्र आवेदन गर्न पाईनेछ , तर कानून स्नातक (बी.एल., एलएल.बी र बी.ए.एलएल.बी. वा सो सरह) उर्तिण गरी सकेका विद्यार्थीले प्रवेश परीक्षा दिन पाउने छैन । |
| ९) | प्रवेश परीक्षामा तपसील बमोजिमका विषयवस्तु मध्येबाट प्रश्न सोधिने छ । | |
| | क) नेपालको संविधान<br>ख) कानूनका सिद्धान्तहरु - कानूनको परिचय, विधिशास्त्रको परिचय र सम्प्रदाय, कानूनको स्रोत, सम्पत्ति सम्बन्धी अवधारणा, न्याय सम्बन्धी व्यवस्था, हक र अधिकार, भोग र स्वामित्व तथा व्यक्ति र व्यक्तित्व । | |
| १०) | प्रश्नको प्रकृति : २०X५=१०० | |
| | प्रवेश परीक्षामा कूल पूर्णाङ्क १०० हुनेछ जसमा ५ अङ्कका २० वटा छोटा प्रश्न सोधिनेछ । | |

क्याम्पस प्रमुख


फोन : ९७७-०१-४२२५३५८, ०१-४२६८५७८, फ्याक्सः ९७७-०१-४२३२३०७, इमेलः info@nlc.edu.np वेभसाईटः www.nlc.edu.np

# त्रिभुवन विश्वविद्यालय
# नेपाल ल क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौं


त्रिभुवन विश्वविद्यालय नेपाल ल क्याम्पस

पत्र संख्याः ............
च.नं.: ................

| | |
|---|---|
| ११) | आवेदन फर्मसाथ निम्नलिखित कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । |
| | क) स्नातक तह वा सो सरह उत्तीर्ण भएको लब्धांक-पत्र, चारित्रिक प्रमाण-पत्रहरु एक/एक प्रति<br>ख) हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुईप्रति ।<br>ग) त्रि.वि. बाहेकका स्वदेशी वा विदेशी विश्वविद्यालय/शिक्षण संस्थाहरुबाट स्नातक तह वा सो सरह उत्तीर्ण परीक्षार्थीहरुले त्रि .वि. को समकक्षता प्रमाण-पत्र एवं सम्वन्धित विश्वविद्यालय/शिक्षण संस्थाको सक्कल माइग्रेशन प्रमाण-पत्र र सोको प्रमाणित प्रतिलिपि साथै Board (Pass) Certificate दुवै अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । |
| १२) | प्रवेश परीक्षाको समयावधि ३ घण्टाको हुनेछ । |
| १३) | परीक्षार्थीहरुले उत्तरपुस्तिकामा कालोमसी मात्र प्रयोग गर्नु पर्नेछ । |
| १४) | म्याद नाघी आएको तथा रीत नपुगेको आवेदन फाराममाथि कुनै कारवाही गरिने छैन । |
| १५) | प्रवेश परीक्षा तथा भर्ना सम्वन्धी अन्य विस्तृत जानकारी यस क्याम्पसबाट प्राप्त गर्न सकिनेछ । |
| १६) | प्रवेश परीक्षाको नतिजा परीक्षार्थीहरुले प्रवेश परीक्षामा हासिल गरेको अंकको योग्यताक्रम (Merit List) को आधारमा कम्तीमा ४० प्रतिशत र सोभन्दा माथि अंक प्राप्त गर्ने सम्पूर्ण परीक्षार्थीहरुको प्राप्तांकसहितको एउटै नामावली प्रकाशित गरिनेछ । |
| १७) | प्रवेश परीक्षा सम्बन्धी कुनै पनि विषयमा परीक्षा समितिको निर्णय अन्तिम हुनेछ । |
| १८) | यस क्याम्पसद्वारा वितरण हुने छात्रवृत्तिको प्रयोजनका लागि गरिने छनौटमा यसै प्रवेश परीक्षाको नतिजालाई समेत आधार मानिनेछ । |
| १९) | प्रवेश परीक्षा आवेदन फारम बुझाउँदा जम्मा रु १०५०।- (एक हजार पचास मात्र) एन.आई.सी. एसिया वैंकको जुनसुकै काउण्टरबाट यस क्याम्पसको नाममा रहेको च.हि.नं. ५४४१०००६२२१५२४०३ मा जम्मा गरी सक्कल बैङ्क भौचर आवश्यक कागजात सहित संलग्न गरी क्याम्पसको लेखा शाखामा बुझाउनु पर्नेछ । साथै **एनआइसी वैंकको काउन्टर यस क्याम्पसको हाताभित्र विहान ८:०० बजेदेखि साँझ ५:०० बजेसम्म खुल्ला रहने छ ।** |
| २०) | यो सूचना www.nlc.edu.np मा पनि हेर्न सकिनेछ । |
| | डा. डी.एन. पराजुली<br>क्याम्पस प्रमुख |

क्याम्पस प्रमुख